# राष्ट्रिय विकास समस्या समाधान समितिको ४९औं बैठकको प्रतिवेदन



नेपाल सरकार

**राष्ट्रिय योजना आयोग**

सिंहदरबार, काठमाण्डौं

२०७८, चैत्र १५

# बिषय सूची


१. पृष्ठभूमि १
२. बैठकको संक्षिप्त जानकारी १
३. राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यूको प्रस्तुतीकरणको संक्षिप्त विवरण २
४. राष्ट्रिय विकास समस्या समाधान समितिको ४९औं बैठकमा सहभागी हुनु भएका विभिन्न महानुभावहरुले राख्नु भएका मुख्य मुख्य विषयहरु ३
५. सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष श्री शेरबहादुर देउवाज्यूले समितिको ४९औं बैठकमा दिनु भएको निर्देशन ७
६. राष्ट्रिय विकास समस्या समाधान समितिको ४९औं बैठकका निर्णयहरु ११

**अनुसूची-१**

आयोगका माननीय उपाध्यक्षबाट राष्ट्रिय विकास समस्या समाधान समितिको ४९ औं बैठकमा गर्नु भएको प्रस्तुतीकरणको पूर्ण विवरण (पावरप्वाईन्ट स्लाइड) १५

**अनुसूची-२**

राष्ट्रिय विकास समस्या समाधान समितिको ४९औं बैठकमा सहभागी हुनु भएका पदाधिकारीज्यूहरुको नामावली १६

सन्दर्भ सामग्री २१

## १. पृष्ठभूमि:

समग्र विकासका नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयनमा देखिएका समस्याहरू उपर छलफल गरी नीतिगत निर्णय लिनका लागि अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ मा व्यवस्था भए अनुरुप सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा अनुगमन तथा मुल्याङ्कन सम्बन्धी सर्वोच्च संयन्त्रको रुपमा राष्ट्रिय विकास समस्या समाधान समिति (रा.वि.स.स.स) रहेको छ। यस समितिले आ.व. २०७७/७८ को तेश्रो चौमासिक/वार्षिक समीक्षा तथा चालु आ.व. २०७८/७९ देखि बार्षिक बजेट विनियोजन तथा आयोजनाहरुको समीक्षा त्रैमासिक आधारमा गर्नु पर्ने व्यवस्था अनुरुप चालु आ.व.मा सञ्चालित विकास कार्यक्रम तथा आयोजनाहरूको दोस्रो त्रैमासिक/अर्धवार्षिक समीक्षा गरी कार्यान्वयनमा देखिएका समस्याहरूको समाधान गर्ने उद्देश्यले राष्ट्रिय विकास समस्या समाधान समितिको ४९औं बैठकको आव्हान गरिएको थियो। प्रदेश सरकारका मुख्यमन्त्रीलाई समितिको सदस्यको रूपमा आमन्त्रण गर्ने व्यवस्था भए वमोजिम प्रदेश मुख्यमन्त्री तथा प्रदेश प्रमुख सचिवहरूलाई पनि उक्त बैठकमा सहभागिता जनाउन आमन्त्रण गरिएको थियो।

रा.वि.स.स. बैठक सञ्चालन हुनु अघि सम्बन्धित मन्त्रालय/निकायहरुबाट विकास समस्या समाधान समितिका बैठकहरु आयोजना गरी प्रगति समीक्षा सम्पन्न गरिएको थियो। त्यसै गरी राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षको अध्यक्षतामा मिति २०७८/०८/१२, १३,१५,१६ र २६ गते आ.व. २०७७/७८ को तेस्रो चौमासिक/वार्षिक समीक्षा तथा मिति २०७८/१२/७, ८ र ९ गते चालु आ.व. २०७८/७९ को दोस्रो त्रैमासिक/अर्ध वार्षिक समीक्षा गर्न रा.वि.स.स.उपसमितिको बैठकहरु सम्पन्न गरिएको थियो। साथै राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षको अध्यक्षतामा मिति २०७८/१२/१४ गते प्रदेश प्रमुख सचिवहरुको उपस्थितिमा प्रदेशगत प्रस्तुतीकरण बैठक समेत सम्पन्न गरियो। उक्त बैठकहरुमा संघीय मन्त्रालयका तर्फबाट पेश भएको विवरणका आधारमा कार्यक्रम तथा आयोजनाको भौतिक तथा वित्तीय प्रगति, समितिको पूर्व बैठकका निर्णयहरूको कार्यान्वयन स्थिति र विभिन्न समस्या उपर विस्तृत छलफल हुनुका साथै प्रदेशस्तरीय विकास समस्या समाधान समितिको बैठकबाट समाधान हुन नसकेका विषयहरु उपर समेत छलफल भएको थियो।

## २. बैठकको संक्षिप्त जानकारी:

सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाको अध्यक्षतामा आर्थिक वर्ष २०७७/७८ मा सञ्चालित विकास आयोजना र कार्यक्रमहरूको वार्षिक प्रगति, चालु आ.व. २०७८/७९ को दोस्रो त्रैमासिक/अर्ध वार्षिक समीक्षा सहित आयोजना कार्यक्रमहरु संचालनमा देखिएका समस्याहरुको समाधानका विकल्पहरुमा छलफल गरी निर्देशन समेत प्रदान गर्न राष्ट्रिय विकास समस्या समाधान समितिको ४९ औं बैठक मिति २०७८ चैत्र १५ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सभाहल, सिंहदरबारमा आयोजना गरियो। बैठकमा नेपाल सरकारका माननीय मन्त्रीहरू, प्रदेश सरकारका माननीय मुख्यमन्त्रीहरू, नेपाल सरकारका माननीय राज्यमन्त्रीहरू, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, संवैधानिक निकायका प्रमुखहरू, महालेखापरीक्षक, महान्यायाधिवक्ता,

नेपाल सरकारका मुख्य सचिव, राष्ट्रिय योजना आयोगका माननीय सदस्यहरू, नेपाल सरकारका सचिवहरू, प्रदेश सरकारका प्रमुख सचिवहरू तथा अन्य विशिष्ट पदाधिकारीहरूको उपस्थिति रहेको थियो।

समितिका सदस्य सचिव श्री केवल प्रसाद भण्डारीले बैठकको शुरूवात गर्नुका साथै स्वागत मन्तव्य राखु भएको थियो। आयोगका माननीय उपाध्यक्षबाट समग्र आर्थिक अवस्थाको बस्तुस्थिति तथा आयोजना कार्यान्वयनमा देखिएका समस्या, समाधानका उपायहरुको प्रस्तुतीकरण पश्चात सम्माननीय प्रधानमन्त्रीले छलफलको कार्यक्रमलाई सहजीकरण र विभिन्न विषयहरूमा निर्देशन दिनु भएको थियो। बैठकमा मन्त्री तथा मुख्यमन्त्रीहरू, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग, महालेखापरीक्षक लगायत अन्य आमन्त्रित महानुभावहरुले आ-आफ्नो विषयसँग सम्बन्धित समस्याहरू राखु भएको थियो। अन्त्यमा विभिन्न विषय क्षेत्रहरुसँग सम्वन्धित २२ बुँदे निर्णय गरी बैठक समापन भएको थियो।

## ३. राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षको प्रस्तुतीकरणको संक्षिप्त विवरण:

राष्ट्रिय विकास समस्या समाधान समितिको ४९औं बैठकमा आयोगका माननीय उपाध्यक्ष डा. विश्वनाथ पौडेलबाट आ.व. २०७७/७८ को वार्षिक प्रगति स्थिति विवरण, कार्यक्रम आयोजनागत वार्षिक प्रगति, चालु आ.व २०७८/७९ को अर्धवार्षिक प्रगति स्थिति विवरण कार्यक्रमगत आयोजनागत प्रगति स्थिति, प्रदेशहरुको प्रगति स्थिति तथा मुख्य सवाल, मन्त्रालयहरुबाट प्राप्त समस्या र उपसमितिको बैठकको छलफलबाट प्राप्त सारांशको प्रस्तुती गर्दै ४९ औं बैठकबाट समाधान गरिनुपर्ने समस्याहरु समेत पेश गर्नु भएको थियो ।

उक्त प्रस्तुतीकरणमा आ.व. २०७७/७८ मा २६० वटा पहिलो प्राथिमकता प्राप्त आयोजनाहरु (राष्ट्रिय गौरवको आयोजनाहरु २४, रुपान्तरणकारी आयोजनाहरु १४ र अन्य सहित) को अद्यावधिक विवरण समेत समेटिएको थियो भने चालु आ.व. २०७८/७९ मा २६७ वटा पहिलो प्राथमिकता प्राप्त आयोजनाहरु (राष्ट्रिय गौरवको आयोजनाहरु २४, रुपान्तरणकारी आयोजनाहरु १६ र अन्य सहित) लगायतका विवरणहरु प्रस्तुतीकरणमा समेटिको थियो।

आ.ब.२०७७/७८ मा सञ्चालित पहिलो प्राथमिकता प्राप्त २६० आयोजनाहरुमध्ये ८० प्रतिशतभन्दा बढी भौतिक प्रगति हासिल गरेका आयोजनाहरूको संख्या १०४, ५० देखि ७९ प्रतिशतसम्म प्रगति भएका आयोजनाहरूको संख्या ७६, ५० प्रतिशतभन्दा कम प्रगति भएका आयोजनाहरू ५३, र प्रगति विवरण नखुलेका आयोजनाहरू २७ वटा रहेका छन् । आ.ब. २०७७/७८ मा सञ्चालित राष्ट्रिय गौरवका २४ आयोजनाहरुको वार्षिक भौतिक प्रगति स्थिति ८० प्रतिशतभन्दा बढि प्रगति भएका आयोजना संख्या १२, ५० देखि ७९ प्रतिशतसम्म प्रगति भएका आयोजनाको संख्या ६, ५० प्रतिशतभन्दा कम प्रगति भएका आयोजनाको संख्या ५, र प्रगति प्राप्त नभएका आयोजनाको संख्या १ रहेका छन् ।यस मध्येमा उत्तर दक्षिण (काली गण्डकी) लोकमार्ग

तथा मेलम्ची खानेपानी आयोजनाको भौतिक प्रगति औसत रुपमा समावेश गरिएको छ भने पश्चिम सेती जलविद्युत आयोजनाको भौतिक प्रगति प्राप्त नभएको अवस्था छ।

यसै गरी आ.ब. २०७८/७९ मा संचालित २६७ वटा पहिलो प्राथमिकता प्राप्त आयोजनाहरु मध्ये अर्धवार्षिक समीक्षाको अवधिमा ८० प्रतिशत भन्दा बढि प्रगति भएका आयोजना संख्या ५९, ५० देखि ७९ प्रतिशतसम्म प्रगति भएका आयोजनाहरूको संख्या ५९, ५० प्रतिशतभन्दा कम प्रगति भएका आयोजनाहरू १२५, र प्रगति विवरण नखुलेका आयोजनाहरू २४ वटा रहेका छन्। चालु आ.ब. २०७८/७९ मा सञ्चालित राष्ट्रिय गौरवका २४ आयोजनाहरुको पौष महिना सम्मको समग्र भौतिक प्रगति स्थितिमध्ये ८० प्रतिशतभन्दा बढी प्रगति भएका आयोजनाको संख्या ७, ५० देखि ७९ प्रतिशतसम्म प्रगति भएका आयोजनाको संख्या ६, ५० प्रतिशतभन्दा कम प्रगति भएका आयोजनाको संख्या ९, र प्रगति नखुलेका आयोजनाको संख्या २ रहेका छन् ।

माननीय उपाध्यक्षबाट राष्ट्रिय विकास समस्या समाधान समितिको ४९औं बैठकमा प्रस्तुत गर्नु भएको प्रस्तुतीकरणसंग सम्बन्धित पूर्ण विवरण अनुसूची-१ मा संलग्न गरिएको छ।

## ४. राष्ट्रिय विकास समस्या समाधान समितिको ४९ औं बैठकमा सहभागी हुनु भएका विभिन्न महानुभावहरुले राख्नु भएका मुख्य मुख्य विषयहरुः

उक्त बैठकमा नेपाल नगरपालिका संघ तथा जिल्ला समन्वय समिति महासंघका अध्यक्षहरु, नेपाल सरकारका मुख्य सचिव, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगका अध्यक्ष, महालेखा परीक्षक, प्रदेश सरकारका माननीय मुख्यमन्त्रीहरु, नेपाल सरकाका माननीय मन्त्रीहरु लगायत अन्य उपस्थित महानुभावहरुले आ-आफ्नो धारणा राख्नु भएको थियो।

उपस्थित महानभावहरुबाट व्यक्त धारणाहरुलाई संक्षिप्त रुपमा निम्नानुसार उल्लेख गरिएको छ:

१. तीन वटै तहको सरकारको संलग्नतामा आर्थिक समृद्धिको आधार निर्माण गर्न आवश्यक रहेको।
२. मुलुकमा विद्यमान रहेको युवा शक्तिलाई सृजनाशिलता र उद्यमशिलतासंग जोड्दै रोजगारीका अवसरहरुको सृजनामा राज्यले जोड दिनुपर्ने।
३. फोहोरमैला व्यवस्थापन वर्तमान समयको चुनौतीपूर्ण कार्य भएको हुँदा स्थानीय तहले मात्र समाधान गर्न नसक्ने हुँदा यो विषयलाई राष्ट्रिय प्राथमिकताको विषयमा समावेश गरिनुपर्ने। बन्चरे डाँडा लगायत ल्याण्डफिल्ड साइडहरुको समस्या समाधान गरी फोहोरमैला सम्बन्धी समस्याको सम्बोधन तत्कालै गरिनुपर्ने।
४. पूर्वाधार निर्माणमा जग्गा प्राप्तिको समस्या भयावह बन्दै गइरहेको छ। वन र निकुञ्जको जग्गा प्राप्त गर्ने विषय झनै जटिल प्रकृतिको देखिएको छ, यसलाई आयोजनाको महत्व र प्रकृति अनुसार सहज र सरल बनाइनु पर्छ। सरकारी जग्गा र सम्पतिको एकीकृत तथ्याङ्क तयार गरी प्रदेश र स्थानीय तहलाई भोगाधिकारको जिम्मा लगाइनुपर्छ।

५. स्थानीय तह लगायत तीनै तहका सरकारमा बेरुजुको अंक भयावह रुपमा बढ्दै गएको छ। स्थानीय तहका बेरुजुहरु धेरै जसो सैद्धान्तिक प्रकृतिको रहेको हुँदा यसको फर्छ्यौटको लागि विशेष संयन्त्र आवश्यक रहेको छ। यसका संरचना र शर्तहरुलाई समयानुकूल बनाउँदै लैजानुपर्छ। साथै बेरुजुका लागि सम्बन्धित लेखा उत्तरदायी अधिकारीलाई थप जिम्मेवार बनाउने तर्फ पनि विशेष ध्यान दिनुपर्छ।

६. जनतालाई प्रत्यक्ष सम्पर्कमा रही सरल र सहज रुपमा सेवा प्रदान गर्न सेवा केन्द्र (Service Center) हरुको विस्तार गर्दै लानुपर्ने र उक्त सेवा केन्द्रहरुको क्षमता विस्तार गर्दै जानुपर्ने देखिन्छ।

७. मुलुकमा पूंजीगत खर्च अपेक्षाकृत रुपमा बढ्न सकेको छैन। यसको कारक तत्व (root cause) पत्ता लगाउनु आवश्यक छ।

८. उपलब्ध सूचनाहरुको स्तरीकरण गर्दै सत्य तथ्य सहित पारदर्शीपूर्ण तरिकाले सूचना प्रवाह गर्ने गरी राष्ट्रिय सूचना प्रणालीलाई व्यवस्थित र बलियो बनाउनु पर्दछ।

९. संघ, प्रदेश र स्थानीय तहमा एकै प्रकृतिका कार्यहरु सम्पादन गर्न उस्तै उस्तै प्रकृतिका कार्यालयहरु समानान्तर रुपमा खुलेका कारण काममा दोहोरोपना बढन गई खर्च समेत बढ्न गएको हुँदा यसको निराकरण हुनुपर्ने देखिन्छ।

१०. वातावरण र विकास बीचको सन्तुलन  कायम गर्न आवश्यक कदम चाल्नु पर्ने अवस्था रहेको छ।

११. तीन तहको शासकीय इकाइको कामको बाँडफाँड त संबिधानबाट भयो तर संघीय आयोजनाहरुको स्तरीकरण र वर्गीकरण हुन सकेको देखिदैन ।

१२. कार्य विस्तृतीकरणमा अझै थप कामहरु गर्नुपर्ने आवश्यकता रहेको छ। यसका लागि प्रदेश र स्थानीय तहको समेत संलग्नतामा समितिहरु बनाई अगाडि बढ्नुपर्ने र सो कार्यका लागी Leading Agency को समेत स्पष्ट व्यवस्था गरिनुपर्ने देखिन्छ।

१३. प्राकृतिक स्रोतको उपयोग तथा बाँडफाँड एक महत्वपूर्ण विषय भएको हुँदा यस सम्बन्धमा तीनै तहलाई समेट्ने गरी एकिकृत कानून निर्माण गर्नुपर्ने अवस्था रहेको छ। त्यसैगरी तीनै तहको वित्तीय हस्तान्तरण लगायत स्रोतको बाँडफाँडका लागि मानकहरु तथा निर्देशिका तर्जुमा गर्दै प्राथमिकता समेत तोकेर अगाडी बढ्नुपर्ने अवस्था रहेको छ।

१४. विकास आयोजनामा बैदेशिक सहायताको सोधभर्नाको विषय झन झन पेचिलो हुँदै गएको छ। सम्भव हुने र लिन सकिने विषयलाई तत्काल पहल गर्नु पर्ने र सोधभर्ना लिन नसकिने विषय भए क्रमश हटाउँदै (write off) गरेर जानुपर्ने देखिन्छ।

१५. संघ, प्रदेश र स्थानीय तहमा प्रभावकारी समन्वय र सहकार्य अभिबृद्धिका लागि प्रदेश र स्थानीय तहलाई अझ बलियो बनाउनुपर्छ।

१६. बजेट प्रस्तुतीको वर्तमान परिपाटीमा परिवर्तन गर्दै स्थानीय तह, प्रदेश र संघले क्रमशः प्रस्तुत गर्ने  गरी समय व्यवस्थापन गरिनुपर्छ। स्थानीय तहले समेट्न नसकेका कार्यक्रमहरु प्रदेशले र प्रदेशले समेट्न नसकेका कार्यक्रमहरु संघले समेट्ने गरी बजेट प्रस्तुत गरिनु पर्छ।

१७. मुलुकको आर्थिक समृद्धिका लागि महत्वपूर्ण पाटोको रुपमा रहेको जलविद्युत उत्पादनलाई अझ बढी प्रोत्साहनको खाँचो रहेको छ। यस अवस्थामा एकातिर थप पूँजीको आवश्यकता रहेको छ भने अर्को तर्फ प्रदेश र स्थानीय तहलाई पनि सक्रियताका साथ सहभागिता गराउनु परेको छ। तसर्थ जलविद्युतमा रहेको जनताको  शेयर सीमा हालको ५% भन्ने हटाई क्षमता अनुसार  लगानी गर्न सक्ने व्यवस्था मिलाउनु पर्छ। साथै विद्युतको उपयोगमा बृद्धि ल्याउन र पेट्रोलियम पदार्थलाई विद्युतले विस्थापित गर्न प्रोत्साहन दिन जरुरी छ।

१८. वित्तिय अनुशासन सम्बन्धमा तीनै तहलाई समेटिने गरी एकिकृत ऐनको आवश्यकता रहेको छ। त्यस्तै वित्तीय हस्तान्तरणलाई पनि बस्तुनिष्ठ बनाउनुपर्न देखिन्छ।

१९. चुरे क्षेत्रको विनास भयावह हुँदै गएको हुँदा यसको संरक्षण र यसबाट पर्न सक्ने विपद जोखिमको न्यूनिकरणलाई गम्भीर रुपमा लिनुपर्ने देखिन्छ। प्रदेशको क्षमता भन्दा बाहिरका विपद व्यवस्थापनमा संघले सक्रियता देखाउनुपर्ने अवस्था रहेको छ।

२०. औद्योगिक क्षेत्रका जग्गाहरु माथिको अतिक्रमण बढ्दै गइरहेको छ। यसको रोकथाम गरी जग्गा संरक्षणका लागि प्रदेशलाई पनि जिम्मेवार र अधिकार सम्पन्न बनाउनुपर्छ। अनुगमन र नियमनको केही अधिकार प्रदेशलाई पनि हस्तान्तरण गर्नुपर्छ।

२१. नौमुले जलविधुत आयोजनालाई राष्ट्रिय गौरबको आयोजनामा समावेश गरिनुपर्ने, गण्डक नहर जीर्ण भएकोले मर्मत गरिनुपर्ने, लुम्बिनीको वर्तमान संरचनामा परिवर्तन हुनुपर्ने र सुस्तावासीको नागरिकता समस्या समेत संम्बोधन हुनुपर्ने देखिन्छ।

२२. विकासलाई पनि नयाँ योजना मार्फत (विकासको नयाँ योजना) अगाडी बढाउनु पर्ने देखिन्छ।

२३. प्रदेशमा हस्तान्तरण भएका बहुबर्षिय संघीय योजनाहरुको स्रोत सुनिश्चित नभएका कारण बजेटले निरन्तरता पाउन नसकी समस्याग्रस्त हुन पुगेका आयोजनाहरुमा आवश्यक मात्रामा बजेटको व्यवस्था हुनुपर्छ।

२४. ड्राईभिङ लाइसेन्सको समस्या झन झन जटिल हुँदै गइरहेको हुँदा यसको निराकरणमा विशेष पहल गरिनु पर्छ।

२५. उद्योग/व्यवसाय दर्तामा देखिएको संघीय चाप कम गर्न प्रदेश स्तरमा नै कम्पनी रजिष्ट्रारको कार्यालय रहनु पर्ने देखिन्छ।

२६. प्रदेशमा रहेका रुग्ण उद्योगहरुलाई क्षमता विकास गरी संचालनमा ल्याइनु पर्ने। बुढीगंगा जलविद्युत आयोजना स्वदेशी लगानी मै संचालन गरिनुपर्ने। उत्तरगंगा आयोजनालाई अगाडी

बढाउनुपर्ने। बुढी गण्डकी र Fast Track को विषयलाई समयमै समाधान गरिनु पर्ने देखिन्छ।

२७. संघीयतालाई थप प्रभावकारी बनाउन विशेष पहल गरिनुपर्ने, जसका लागि निम्न कामहरु आवश्यक छः अन्तर प्रदेश समन्वय बैठक बोलाउनु पर्ने, प्रहरी समायोजनको विषय निष्कर्षमा पुऱ्याउनु पर्ने, साझा अधिकारका सूचीमा पुनर्विचार (Revisit) गर्नुपर्ने, प्रदेश सरकारलाई आवश्यक पर्ने जमीन संघीय सरकारले उपलब्ध गराउनुपर्ने, कर्मचारी समस्याको समाधान गरीनुपर्ने, पदपूर्ती व्यवस्थापनको विषय सुल्झाउनु पर्ने आदि।

२८. औद्योगिक क्षेत्रको व्यवस्थापनको जिम्मेवारी प्रदेशलाई सुम्पन उपयुक्त हुने।

२९. प्रदेशका पूर्वाधार निर्माणमा बजेटको न्यूनता देखिएको छ। संघबाट हस्तान्तरण हुने सबै प्रकारका अनुदानहरुलाई समानुपातिक बनाइनुपर्नेछ। संघ र प्रदेश बीचको बहुबर्षिय क्रमागत दायित्व ज्यादै बढी रहेको हुँदा संघको लगानी बृद्धि गरी दायित्व घटाउनुपर्ने देखिन्छ।

३०. मानव जीवनको अभिन्न पाटोको रुपमा रहेको खानेपानीको व्यवस्थामा १०-३०% सम्म जनश्रमदान अनिवार्य भएका कारण कतिपय अवस्थामा आयोजना कार्यान्वयनमा समस्या रहेको हुँदा यस विषयमा ठोस नीतिगत निर्णय गरि अगाडी बढनुपर्ने देखिन्छ।

३१. मालपोत तथा भूमिसुधार कार्यालयहरुमा देखिएको बेरुजुमा अधिकांश हिस्सा पूँजीगत लाभकरको रहेको तर उक्त पूँजीगत लाभकरको जिम्मेवारी सम्बन्धित मन्त्रालयको नभई अर्थ मन्त्रालयको भएको हुँदा यस सम्बन्धमा सैद्धान्तिक रुपमै प्रष्टता हुनुपर्ने देखिन्छ।

३२. साबिकको सहकारी तथा गरिबी निवारण कोषमा ठूलो मात्रामा पूँजी अनुपयोग भएर रहेको हुँदा त्यसको उपयुक्त नियमन र परिचालन अत्यावश्यक रहेको छ।

३३. मालपोतको रजिष्ट्रेशन दस्तुर प्रदेश सरकार अन्तरगत गएकोले मालपोत कार्यालयहरुको सदुढदिकरणका लागि व्यवस्था गरिएको साविकको ५% फिर्ता दिने कार्यक्रम अन्यौलमा पर्न गएको हुँदा उक्त ५% फिर्ता कार्यलाई यथावत सुचारु गरिनुपर्ने।

३४. मुलुकका सबै क्षेत्रहरु सबैका लागि खुला गरिनुपर्ने। (जस्तै हुम्ला र डोल्पाका केही भाग अझै पनि निषेधित नै छन्)

३५. होटेलहरुको राजस्व बक्यौता उठानको विषय पेचिलो बन्दै गइरहेको छ, यसको समयमै निदान गरिनुपर्छ।

३६. वर्तमान शैक्षिक प्रणालीलाई समसामियक र उत्पादन मूलक बनाउनु पर्ने, प्राविधिक शिक्षा तर्फका समस्याहरु समाधान गरिनुपर्ने, शिक्षासम्बन्धी ऐन तथा नियमावलीमा संसोधन हुनुका साथै १०+२ को शिक्षालाई पनि राज्यले निशुल्क बनाउनु पर्ने आवश्यकता रहेको छ।

३७. अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण र बृत्ती विकासका लागि अपाङ्गताग्रामको निर्माण आवश्यक रहेको छ। यसका लागि प्रदेश सरकारबाट विस्तृत ढाँचा प्रतिवेदन निर्माण गर्नुपर्ने

र संघीय सरकारले सहयोग गर्नुपर्नेछ। महिला हिंसा नियन्त्रणका लागि जिल्लागत संयन्त्र आवश्यक रहेको छ।

३८. प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजनालाई प्रदेशमा हस्तान्तरण गरिनुपर्दछ। चिया विकास बोर्ड र दुग्ध विकास संस्थानलाई पनि प्रदेशमा हस्तान्तरण गरिनुपर्छ। कपास विकास समितिको नाममा रहेको ५०० बिगाहा जमीन प्रदेशलाई उपलब्ध गराउनु पर्ने।

३९. एकिकृत शहरी विकासको अवधारणा अनुसार योजना बनाएर अगाडी बढ्नुपर्ने भएको छ।

४०. खेलकूद क्षेत्रका ठुला पूर्वाधार निर्माणमा जोड दिंदै अन्तराष्ट्रिय खेलहरुलाई पनि आकर्षित गर्दै लानुपर्ने छ।

४१. कोभिड १९ समस्याका कारण आन्तरिक तथा बैदेशिक रोजगारी घटेको तथा रेमिट्यान्सको आप्रवाहमा न्यूनता आएको हुँदा यस विषयमा गम्भीरताका साथ सोच्नुपर्ने भएको छ। बैदेशिक रोजगारीमा जाने मध्ये करीब ९७% अदक्ष कामदारको हिस्सा रहेको हुँदा दक्ष जनशक्ती तयार गरी पठाउने तर्फ लाग्नुपर्ने देखिन्छ।

४२. विकास र कानूनका बीचमा सम्बन्ध स्थापित गर्दै हाम्रा कानूनलाई विकास मैत्री बनाउनुका साथै संघीयता कार्यान्वयन मैत्री पनि बनाउनु पर्छ।

४३. सार्वजनिक प्रशासनमा निर्णय गर्न समय नै तोकिदिनुपर्ने र सेवाग्राहीको कामको हुन्छ वा हुन्न भन्ने जवाफ तत्काल दिन सक्ने प्रणालीको स्थापना गर्नु पर्छ। एकीकृत संरचना निर्माण मार्फत् सेवा प्रवाहमा जोडदिनु पर्छ।

४४. वर्तमान अवस्थामा बढ्दो व्यापार घाटा व्यवस्थापनका लागि आयात प्रतिस्थापन र खर्च न्यूनीकरणमा जोड दिनुपर्ने अवस्था आएको छ।

## ५. सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष श्री शेरबहादुर देउवाज्यूले समितिको ४९औं बैठकमा उठेका विषयहरुलाई सम्बोधन गर्दै देहायका विषयहरुमा निर्देशन दिनु भएको थियोः

संघ, प्रदेश र स्थानीय तहका तीनै सरकारबीच समन्वय अति आवश्यक रहेकोले सहकारिता र सहअस्तित्व कायम गर्नका लागि अन्तर प्रदेश परिषद्को बैठक यथासक्य चाँडो बोलाइनेछ। वर्तमान अन्तर्राष्ट्रिय परिस्थितिको कारणले तेलको मुल्यमा निरन्तर बृद्धि भैरहेकोछ । यो समस्या हाम्रो क्षमताभन्दा बाहिर जान सक्ने अवस्था देखिएकोले समयमै यसको उचित व्यवस्थापनमा जोड दिनुपर्ने छ। खानेपानीमा जनश्रमदानका विषय र ठेक्कापट्टाको विषयमा समस्याहरु सृजना भएकाले यसको कानूनी रुपमै समस्या समाधान गर्नुपर्ने देखिन्छ । मुलुक संघीयतामा प्रवेश गरिसकेको अवस्थामा अब संघीयताबाट फर्कन सकिदैन त्यसैले जनतालाई प्रवाह गरिने सेवामा चुस्तता ल्याउनुपर्ने छ । बढ्दो प्रशासकीय खर्चलाई कम गर्न विशेष ध्यान दिनु पर्नेछ। रेमिटेन्स घटेको र व्यापार घाटा बढेको वर्तमान अवस्थामा वैदेशिक लगानी भित्र्याउन लगानीमैत्री वातावरण निर्माण गर्नु पर्नेछ।मुलुक स्थानीय चुनावको संघारमा छ, बजेट खर्चको अवस्था ठूलो छ, बजेट

छरेर विकास हुदैन, त्यसैले बजेट छर्ने कार्यलाई निरुत्साहित गर्न जरुरी छ । विद्युत खपतलाई प्रोत्साहित गर्दै सवारी साधनमा विधुतको प्रयोग बढाउन शवस्टेसन/विद्युतीय चार्जिङ सेन्टरको विकास र विस्तार गर्नु पर्नेछ।

**सम्माननीय प्रधानमन्त्रीज्यूबाट भएको सम्बोधन तथा निर्देशनको पूर्ण विवरण देहाय अनुसार प्रस्तुत गरिएको छः**

राष्ट्रिय विकास समस्या समाधान समितिको ४९ औं बैठकमा यहाँहरू समक्ष आफ्ना केही भनाइहरू राख्न पाउँदा म गौरवान्वित भएको छु ।

राष्ट्रिय विकास समस्या समाधान समिति मुलुकको विकास निर्माणका सन्दर्भमा हासिल भएका प्रमुख उपलब्धिहरूको समीक्षा गर्ने र आयोजना कार्यान्वयनमा देखिएका जटिल र राष्ट्रियस्तरका समस्या तथा चुनौतीहरूका बारेमा छलफल गरी समाधानका उपायहरू पहिल्याउने एवं मुलुकको समग्र विकास प्रयासलाई दिशानिर्देश गर्ने महत्त्वपूर्ण मञ्च हो । आजको वैठक यस रुपमा आयोजना गर्नु भएकोमा म राष्ट्रिय योजना आयोग परिवार लगायत सम्बन्धित सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

यतिखेर हामी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा मुलुकमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको लक्ष्य हासिल गर्ने यात्रामा छौं । त्यस क्रममा समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक निर्माण गर्ने दीर्घकालीन सोचका साथ मुलुकबाट निरपेक्ष गरिबीको अन्त्य गर्ने, उच्च र दिगो रूपमा उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने, मानव पूँजी  निर्माण र यसको पूर्ण उपयोग मार्फत मुलुकको समृद्धिको जग निर्माण गर्ने जस्ता चुनौती हाम्रा सामु रहेका छन्।

चालु १५ औं योजनाको जगमा बसेर वि.सं. २०८७ सम्ममा अन्तर्राष्ट्रिय प्रतिबद्धता बमोजिमको दिगो विकास लक्ष्य प्राप्त गर्दै वि.सं. २१०० भित्रै नेपाललाई उच्च आय भएको समृद्ध मुलुकका रूपमा विश्वसामु उभ्याउनु पर्ने जिम्मेवारी हाम्रा सामु रहेको छ। साथै, सन् २०२६ सम्म नेपाललाई अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति गर्न संयुक्त राष्ट्र संघले गरेको सिफारिशलाई मूर्त रूप दिनुपर्ने खाँचो छ । यस सन्दर्भमा भूकम्प, कोभिड-१९ महामारी तथा विभिन्न आरोह-अवरोहहरूका कारण कमजोर बन्न पुगेको मुलुकको अर्थतन्त्रलाई यथाशीघ्र पुनरुत्थान गर्दै दोहोरो अंकको आर्थिक वृद्धिका माध्यमबाट उल्लेख्य उपलब्धिहरू प्राप्त गर्नुपर्ने भएको छ। यसका लागि संघ, प्रदेश र स्थानीय सरकारहरूबीचमा समन्वय र सहकार्य सुदृढ गर्दै अझ सक्रियताका साथ अघि बढ्नुपर्ने खाँचो छ । आर्थिक पूर्वाधार निर्माण, रोजगारी सृजना, स्वास्थ्य, शिक्षा, सरसफाई र खानेपानीको वर्तमान अवस्थामा सुधार, सडक संरचना, भौतिक पूर्वाधार निर्माण तथा सुशासन कायम गर्दै सामाजिक एवं आर्थिक असमानता घटाउनेतर्फ राज्यको ध्यान केन्द्रित गरेर अगाडि बढ्नुपर्ने स्थिति छ।

विगत दुई वर्षदेखि विश्वव्यापीरूपमा फैलिएको कोरोना महामारीबाट नेपालमा पनि सामाजिक, आर्थिक, पूर्वाधार निर्माण र सेवा क्षेत्रका गतिविधिहरू चलायमान हुन नसक्दा अर्थतन्त्रमा ठूलो क्षति पुग्न गएको छ। चालु आ.व.को वर्तमान अवधिसम्म आइपुग्दासम्म पनि कोभिड-१९ महामारीको असर कायमै रहेको छ। यसको प्रभावका कारण नियमितरुपमा सम्पादन गर्नुपर्ने कार्यहरुका साथै समस्या केन्द्रित छलफल, अन्तरक्रिया तथा अनुगमनका कार्यहरू नियमित हुन नसकेको अवस्था छ।

आज मुलुकमा योजनाबद्ध विकास शुरु भएको छ दशकभन्दा बढी अवधि व्यतीत भएको छ र अहिले हामी १५ औं योजनाको कार्यान्वयनको चरणमा छौं। मुलुकको साधनस्रोत र सम्भावनालाई समृद्धि र विकासका निम्ति प्रभावकारी रूपमा परिचालन गर्न सहयोग पुर्‍याउने योजनाका दस्तावेज राम्रा बनाएर मात्र पर्याप्त हुँदैन अपितु त्यसको निष्ठापूर्ण र समयबद्ध कार्यान्वयन महत्त्वपूर्ण हुन्छ। यस कुरालाई हृदयङ्गम गरी आवधिक योजनामा परिलक्षित उद्देश्य र प्रस्तावित कार्यक्रमहरूलाई हामी सबैले प्रभावकारी रूपमा उतार्न विशेष जोड दिन आवश्यक छ।

१५ औं योजनाको लक्ष्य, उद्देश्य र रणनीतिहरूको प्राप्तिका लागि तयार भएको नतिजा खाकाको उपलब्धिको मूल्याङ्कन आफैंमा महत्त्वपूर्ण र अनिवार्य शर्तको रूपमा रहेको छ। १५ औं योजनाको सिद्धान्त र रणनीतिलाई अनुसरण गर्दै शुरु गरिएको मध्यमकालीन खर्च संरचना निर्माण प्रक्रिया र मध्यमकालीन खर्चका आधारमा तयार गरिएको वार्षिक विकास कार्यक्रमले मुलुकका समग्र विकास क्रियाकलापलाई एक हदसम्म व्यवस्थित र निर्देशित गरेको पाइन्छ। मुलुकमा रहेको सीमित स्रोत साधनलाई प्राथमिकता र राष्ट्रिय लक्ष्य प्राप्त गर्ने क्षेत्रमा प्रवाहित गर्दै समग्ररूपमा वित्तीय उत्तरदायित्व कायम गर्न उक्त कार्यहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन्।

आज यहाँ भएको प्रस्तुतिबाट विकासका पूर्वशर्तका रूपमा रहेका शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ र पूर्वाधार निर्माणमा अझै पनि अपेक्षाकृत उपलब्धि हासिल हुन नसकिरहेको देखिन्छ। त्यस्तै जलवायु परिवर्तनका विषयहरूको यथोचित सम्बोधन गर्न जरुरी देखिएको छ। सामाजिक सुरक्षाको क्षेत्र वृद्धि गरी सार्वजनिक, निजी, सहकारी तथा गैरसरकारी क्षेत्र समेत समेटेर अगाडि बढ्न, हरेक नेपालीलाई स्वदेशमै रोजगारीको प्रत्याभूति दिई युवा शक्तिलाई विदेश पलायन हुनबाट रोक्न तथा नेपाली श्रम, सीप, पूँजी र प्रतिभालाई स्वदेशी माटोमा नै प्रयोग गर्ने अवसर सिर्जना गर्दै हरेक नागरिकको मुहारमा खुसी ल्याउन हामीले अझ थप प्रयास गर्नुपर्ने खाँचो छ। यसका लागि संविधानले परिकल्पना गरे बमोजिम संघ, प्रदेश र स्थानीय तीनै तहका सरकारहरूले पूर्ण जिम्मेवारी बोधका साथ सहकार्य, सहअस्तित्व र समन्वय कायम गर्दै अघि बढ्नु आवश्यक छ।

राष्ट्रिय विकास समस्या समाधान समितिको यस बैठकमा प्रस्तुत भएका विकास आयोजनासम्बन्धी प्रमुख र पेचिला समस्याहरूका सन्दर्भमा आज छलफलबाट पहिल्याइएका समाधानका उपायहरूलाई प्राथमिकतासाथ कार्यान्वयन गरी आयोजना निर्माणलाई समयमै सम्पन्न गर्नुहुनेछ भन्ने विश्वास लिएको छु। विगतमा राष्ट्रिय विकास समस्या समाधान समितिबाट भएका निर्णयहरूको

कार्यान्वयनलाई प्रभावकारी बनाई विकास आयोजनाहरूलाई समयमै सम्पन्न गर्न गराउन हुन समेत निर्देशन दिन चाहन्छु।

राष्ट्रिय गौरवका आयोजना र पहिलो प्राथमिकताप्राप्त आयोजना/ कार्यक्रमतर्फ ८० प्रतिशत भन्दा माथि प्रगति भएकालाई अझ द्रुत गतिमा कार्य सञ्चालन गरी शत प्रतिशत प्रगति गर्नुहुन यस्तै ५० देखि ८० प्रतिशत सम्म प्रगति भएका आयोजनाहरूको कार्यान्वयनलाई प्रभावकारी बनाई समयमै प्रगति हासिल गर्न र ५० प्रतिशत भन्दा कम प्रगति भएका आयोजनाहरूको कार्यान्वयनमा आइपरेका कठिनाइहरू समयमै सम्बोधन गरी कार्य गर्न गराउन सम्बन्धित मन्त्रालय र आयोजना प्रमुखहरूलाई थप जिम्मेवार भई अघि बढ्न निर्देशन गर्दछु।

वर्तमान सरकारले लिएको सबै नेपालीलाई खोप उपलब्ध गराउने प्रमुख लक्ष्यमा सरकारले उल्लेख्य सफलता प्राप्त गरेको सन्दर्भमा आगामी दिनहरूमा दैनिक क्रियाकलाप सञ्चालन गर्न र आर्थिक, सामाजिक तथा व्यावसायिक गतिविधिको विस्तार मार्फत अर्थतन्त्रलाई गतिशील बनाउन सकिने विश्वासयोग्य वातावरण वन्दै गएको छ। यस क्रममा संघ, प्रदेश र स्थानीय तहबाट गरिएको सहकार्य, समन्वय र जिम्मेबारी बहनप्रति म सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

यहाँ आज भएको छलफलमा गत आर्थिक वर्षको वार्षिक र चालु आर्थिक वर्षको अर्धवार्षिक उपलब्धि तथा प्रगति, प्रमुख समस्या र ती समस्या समाधानका लागि भावी कार्यदिशा सम्बन्धमा प्रस्तुतीकरण समेत भएकोमा त्यसबाट पाठ सिक्दै आगामी दिनमा विकास आयोजनाहरुलाई अझ प्रभावकारी तवरले सम्पन्न गर्न जोड दिन सम्बद्ध सबैलाई आग्रह गर्दछु। बैठकमा माननीय मन्त्रीज्यूहरू, मुख्यमन्त्रीज्यूहरू लगायत सबै बाट व्यक्त विचारहरू मुलुकको अग्रगामी विकासका लागि महत्त्वपूर्ण सुझावका रूपमा रहने विश्वास समेत गरेको छु।

अन्त्यमा, यस बैठकमा सहभागी सबैलाई धन्यवाद व्यक्त गर्दै यो बैठक यहीँ सम्पन्न भएको जानकारी गराउँछु।

धन्यवाद !

## ६. राष्ट्रिय विकास समस्या समाधान समितिको ४९औं बैठकका निर्णयहरुः

१. अन्तर्राष्ट्रिय विकास सहायतामा सञ्चालित विकास कार्यक्रम, परियोजना तथा आयोजनाहरूमा लामो समयदेखि सोधभर्ना व्यवस्थापनको कार्य सम्बोधन हुन नसकेको, हिसाब मिलान तथा फछ्यौंटमा सम्बन्धित मन्त्रालयहरूले समयमा नै सोधभर्ना माग नगरी ठूलो परिमाणको रकम सोधभर्ना हुन बाँकी रहेको देखिएकोले त्यस्तो सोधभर्नासम्बन्धी कार्य २ (दुई) महिनाभित्र सम्पन्न गर्न राष्ट्रिय योजना आयोगका सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा सम्बन्धित मन्त्रालयको सचिव, महालेखा नियन्त्रक र तत् तत् परियोजना प्रमुख सदस्य रहने गरी समिति गठन गर्ने।

२. सरकारको लगानीमा सञ्चालित ३३ के.भी. विद्युत वितरण आयोजनाको लागि गर्नुपर्ने प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तथा चुरे संरक्षण क्षेत्रमा गर्नुपर्ने वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को प्रक्रिया अत्यन्तै झन्झटिलो र कठिन प्रकृतिको भएकोले आयोजना निर्माणमा समस्या देखिएको हुँदा सो समस्या समाधानका लागि अध्ययन गरी २ (दुई) महिनाभित्र प्रतिवेदन पेश गर्न राष्ट्रिय योजना आयोगका सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा वन तथा वातावरण मन्त्रालय र उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयका सचिव सदस्य रहने गरी समिति गठन गर्ने।

३. सडक विस्तार, विद्युतीकरण, खानेपानी तथा ढलहरू विस्तार तथा मर्मतको क्रममा भूमिगत केवल तथा पोलहरूमा समेत क्षति हुने गरेकोले दूरसञ्चार सेवा अवरूद्ध हुनुका साथै सेवाको गुणस्तरमा ह्रास आउने गरेकोले राष्ट्रिय राजमार्ग, रणनीतिक महत्वका सडक, पुल, शहरी विकास लगायतका पूर्वाधार निर्माण तथा सोको विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्दा नै दूरसञ्चारसम्बन्धी पूर्वाधार राख्न मिल्ने Duct तथा Utility Corridor को व्यवस्था गर्ने सम्बन्धमा नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव संयोजक तथा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय र राष्ट्रिय योजना आयोगका प्रतिनिधि सदस्य रहने गरी एक समिति गठन गर्ने। समितिले २ (दुई) महिना भित्र नीति प्रस्ताव र कार्यान्वयनको कार्ययोजना तयार गर्ने ।

४. राष्ट्रिय राजमार्गहरूको रेखाङ्कन र सडक सीमा निर्धारण यथाशीघ्र गर्न र सडक सीमाको अन्यौलका कारण निर्माण कार्यमा देखिएको अवरोध हटाउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जग्गा प्राप्ति ऐन, २०३४ र नेपाल सरकार मन्त्रिपरिषदबाट यसअघि भएका निर्णयहरूलाई समेत अध्ययन गरी आयोगको सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र सम्बद्ध आयोजना प्रमुख सदस्य रहने गरी एक कार्यदल बनाई उक्त समस्याको समाधानका लागि उपयुक्त विषय प्रस्ताव गर्ने।

५. निर्माण सम्पन्न भएका पूर्वाधारहरुको नियमित मर्मत संभार गर्ने व्यवस्था नहुँदा त्यस्ता संरचनाहरुको दिगोपना तथा सञ्चालनमा समस्या रहेको हुँदा निर्माण सम्पन्न भएका पूर्वाधारहरुको

नियमित मर्मत संभारका लागि सबै निकायहरुले वार्षिक रुपमा आवश्यक बजेटको व्यवस्था गर्ने। आगामी आ.व.को बजेट तर्जुमाका क्रममा यो विषय अनिवार्य रुपमा ग्रहण गर्ने।

६. फोहोरमैला व्यवस्थापनमा प्रदेश तथा स्थानीय तहको समेत सहभागिता अभिवृद्धि गर्दै फोहोरमैला व्यवस्थापनको दीर्घकालीन समाधानका उपाय सहितको प्रतिवेदन ३ (तीन) महिनाभित्र पेश गर्न राष्ट्रिय योजना आयोगका सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा सरोकारवाला मन्त्रालय तथा निकायका प्रतिनिधि सदस्य रहेको समिति गठन गर्ने।

७. तीनै तहका सरकारका लागि विकासमा आवश्यक पर्ने जग्गा प्राप्तिलाई सहज बनाउन गर्नुपर्ने कार्यको उपयुक्त सुझाव सहितको प्रतिवेदन ३ (तीन) महिनाभित्र पेश गर्न राष्ट्रिय योजना आयोगका सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा सरोकारवाला मन्त्रालयका सचिवहरु सदस्य रहेको समिति गठन गर्ने।

८. संविधानको अनुसूचीमा उल्लेख भएको तथा नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदन अनुसार प्रदेश र स्थानीय तहमा भएको जिम्मेवारी हस्तान्तरण, संस्थागत संरचना र मानव संसाधन व्यवस्थापन गर्ने सम्बन्धमा अध्ययन गरी ३ (तीन) महिनाभित्र प्रतिवेदन पेश गर्न राष्ट्रिय योजना आयोगको सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्य सरोकारवाला मन्त्रालयका सचिव र प्रदेश तथा स्थानीय तहका प्रतिनिधि सदस्य रहने गरी एक समिति गठन गर्ने।

९. उच्च शिक्षाको नियमन तथा सञ्चालनमा देखिएको दोहोरोपना हटाउनका लागि आवश्यक कार्यढाँचा सहितको प्रतिवेदन ३(तीन) महिनाभित्र पेश गर्न राष्ट्रिय योजना आयोगको सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा त्रिभुवन विश्वविद्यालयका उपकुलपति, काठमाडौं विश्वविद्यालयका उपकुलपति, विश्वविद्यालय अनुदान आयोगका सदस्य सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव र चिकित्सा शिक्षा आयोगका निर्देशक सदस्य रहने गरी एक समिति गठन गर्ने।

१०. विद्यालय शिक्षामा आशातीत उपलब्धि हासिल हुन नसकेको सन्दर्भमा विद्यालय सञ्चालनका लागि स्रोत साधनको उचित व्यवस्थापन, गुणस्तर अभिवृद्धि र प्रभावकारी सुपरीवेक्षणको व्यवस्था मिलाउन संविधानको अनुसूचीमा उल्लिखित अधिकार तथा नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदन समेतको आधारमा उपयुक्त सुझाब सहितको प्रतिवेदन २ (दुई) महिनाभित्र पेश गर्न राष्ट्रिय योजना आयोगको सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव, सम्बद्ध निकायका प्रतिनिधि, सरोकारवाला निकायहरु समेतको प्रतिनिधित्व रहने गरी एक समिति गठन गर्ने।

११. ब्रोडब्याण्ड गुरूयोजना (२०१६-२०२०) र सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले तोकेको लक्ष्य समयमा प्राप्त हुन नसकेको साथै ब्रोडब्याण्ड विस्तारको लागि सम्बद्ध निकायहरूबीच प्रभावकारी समन्वय नहुँदा कार्यान्वयनमा कठिनाई भईरहेकोले उक्त कार्यलाई समन्वय गर्न राष्ट्रिय योजना आयोगका सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भौतिक योजना तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयका सचिव सदस्य रहने गरी एक समिति गठन गर्ने। समितिले २ (दुई) महिना भित्र समन्वयको ढांचा सिफारीस गर्ने।

१२. विकासका क्रियाकलापमा जलवायु परिवर्तन र वातावरण संरक्षणका विषयहरु सम्बोधन गरी दीगो लाभ प्राप्त गर्न सम्बन्धित निकायहरुले सबै प्रकारका विकासका क्रियाकलापमा जलवायु परिवर्तन र वातावरण संरक्षणका विषयहरुलाई अभिन्न अंगका रुपमा समावेश गर्ने विषयलाई आगामी आ.व. देखिको बजेट तथा कार्यक्रममा अनिवार्य रुपमा समावेस गर्ने।

१३. विद्युतीय भुक्तानीमा देखिएको समस्या समाधान गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र नेपाल राष्ट्र बैंकलगायत सम्बद्ध सबै निकायको समन्वयमा ३ (तीन) महिनाभित्र नेसनल पेमेन्ट गेटवेको विकास गर्ने।

१४. लामो समयदेखि अन्तर्राष्ट्रिय डाँक लेखाको हिसाब मिलान नहुँदा मुलुक हुलाक सेवाको विश्वव्यापी पहुँचबाट बञ्चित हुँदै गइरहेकोले नेपाल सरकारले भुक्तानी दिनुपर्ने यथार्थ रकम यकीन गरी भुक्तानीसम्बन्धी प्रक्रिया अगाडि बढाउन २ (दुई) महिनाभित्र मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्ने गरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सचिवको संयोजकत्वमा अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, महालेखा नियन्त्रकको कार्यालय र हुलाक सेवा विभागका प्रतिनिधि रहने गरी एक समिति गठन गर्ने।

१५. आन्तरिक रोजगारी सिर्जनासम्बन्धी कार्यक्रमहरू विभिन्न मन्त्रालय तथा निकायहरूमा छरिएर रहेको कारण सोको सञ्चालन, व्यवस्थापन र नतिजा प्राप्तिमा देखिएको समस्या समाधानका लागि राष्ट्रिय योजना आयोगको सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा सरोकारवाला मन्त्रालयको सचिव सदस्य रहने गरी एक समिति गठन गर्ने र सो समितिले ३ (तीन) महिनाभित्र "रोजगारसम्बन्धी एकीकृत राष्ट्रिय प्रणाली" को ढाँचा सिफारिश गर्ने।

१६. तहगत सरकारको बेरूजु फर्छ्यौट कार्यमा सम्बन्धित निकायलाई जवाफदेही बनाउँदै स्थानीय तहको बेरूजू फर्छ्यौट गर्न जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा सम्बन्धित स्थानीय तह तथा कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रतिनिधि रहेको बेरूजू फर्छ्यौट अनुगमन समिति र प्रदेशको हकमा सम्बन्धित प्रदेशको प्रमुख सचिवको संयोजकत्वमा आर्थिक मामिला मन्त्रालयको सचिव, सम्बन्धित मन्त्रालयका सचिव र प्रदेश लेखा नियन्त्रक रहेको बेरूजू फर्छ्यौट समिति गठन गरी बेरूजु फर्छ्यौट कार्यको अनुगमन गर्ने।

१७. कोभिड-१९ को महामारी न्यूनीकरणका लागि निर्मित एवं निर्माणाधीन होल्डिङ्ग सेन्टर तथा हेल्थ डेस्कहरूको संरक्षण र उचित व्यवस्थापनको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गृह मन्त्रालय तथा कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्र (CCMCC) संग समन्वय गरी ती संरचनाहरु जिल्ला प्रशासन कार्यालय मार्फत व्यवस्थापन तथा सञ्चालन हुने गरी

कार्यविधि तर्जुमा गर्ने। उक्त कार्यविधि स्वीकृतिको लागि १ (एक) महिना भित्र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नेपाल सरकार मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेश गर्ने।

१८. प्रदेश र स्थानीय तहमा आवश्यकता अनुसार कर्मचारीको पदपूर्ति एवं व्यवस्थापनमा देखिएको समस्याका कारणबाट प्रदेश र स्थानीय तहको कार्य सम्पादन एवं सेवा प्रवाहमा परेको असरको दिगो समाधानको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रदेश र स्थानीय तहमा प्राविधिक तथा अन्य जनशक्तिको अभाव हुन नदिने, रिक्त पदमा पदपूर्ति एवं समयबद्ध सरूवा व्यवस्था तत्काल मिलाउने।

१९. प्रदेश र स्थानीय तहबीच हुने राजश्व बाँडफाँटसम्बन्धी कार्य व्यवस्थित हुन नसक्दा स्रोत व्यवस्थापन र लेखाङ्कनमा समस्या देखिएकोले यसको समाधानका लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सम्बन्धित निकायहरुसँग समन्वय गरी व्यवस्थापन तथा लेखाङ्कनका लागि आवश्यक व्यवस्था मिलाउने।

२०. संघबाट प्रदेश र स्थानीय तहमा हस्तान्तरण भएका योजना तथा कार्यक्रमहरु समयमै सम्पन्न हुन नसकी निरन्तर थप दायित्व वृद्धि भइरहेकोले यसको न्यूनीकरणका लागि त्यस्ता हस्तान्तरित विकास योजना तथा कार्यक्रम शीघ्र सम्पन्न गर्न राष्ट्रिय योजना आयोगका सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा अर्थ मन्त्रालय, विषयगत मन्त्रालय र सम्बन्धित प्रदेशका प्रमुख सचिव तथा सम्बन्धित स्थानीय तहको प्रतिनिधि रहेको एक समिति गठन गरी ३ (तीन) महिना भित्र सिफारीस गर्ने।

२१. प्रदेशको राजधानी व्यवस्थापन तथा अन्य पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने जग्गाको उपयोगमा समस्या परिरहेकोले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अन्य सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने।

२२. नेपालको संविधानको धारा ३५(४) ले “प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ” भनी मौलिक हकको रूपमा सुनिश्चित गरेको छ। खानेपानी आयोजनाको निर्माण चरणमा उपभोक्ताहरूले १० देखि ३० प्रतिशतसम्म जनसहभागिता जनाउनु पर्ने मौजुदा प्रावधानले लामो समयदेखि सरकारको लगानीतर्फको काम सम्पन्न भई उपभोक्ताको जनसहभागिता (लागत र श्रम) बापत योगदान गर्नुपर्ने रकम उपभोक्ताबाट उठाउन/व्यहोर्न कठिन हुँदा आयोजना सम्पन्न हुन नसकेकोले हालको जनसहभागिता सम्बन्धी नीतिलाई पुनरावलोकन गरी आयोजना सम्पन्न गराउने। यसका लागि राष्ट्रिय योजना आयोगको सम्बन्धित विषय क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा सम्बद्ध मन्त्रालय, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगका प्रतिनिधि भएको समिति गठन गरी एक महिना भित्र उपयुक्त प्रावधान सिफारिस गर्ने।

## अनुसूची-१

आयोगका माननीय उपाध्यक्षबाट राष्ट्रिय विकास समस्या समाधान समितिको ४९ औं बैठकमा गर्नु भएको प्रस्तुतीकरणको पूर्ण विवरण: (पावरप्वाईन्ट स्लाइड)

# अनुसूची -२

## राष्ट्रिय विकास समस्या समाधान समितिको ४९औं बैठकमा सहभागी हुनु भएका पदाधिकारीहरुको नामावली

| क्र.सं. | नाम | पद | मन्त्रालय/निकाय |
|---|---|---|---|
| १ | सम्माननीय शेरबहादुर देउवा | प्रधानमन्त्री | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, रक्षा तथा उद्योग, वाणिज्य तथा आपूर्ति |
| २ | माननीय बालकृष्ण खाँण | मन्त्री | गृह |
| ३ | माननीय ज्ञानेन्द्रबहादुर कार्की | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |
| ४ | माननीय पम्फा भुसाल | मन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाई |
| ५ | माननीय विरोध खतिवडा | मन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या |
| ६ | माननीय जनार्दन शर्मा | मन्त्री | अर्थ |
| ७ | माननीय उमाकान्त चौधरी | मन्त्री | खानेपानी |
| ८ | माननीय रेनुकुमारी यादव | मन्त्री | भौतिक पूर्वाधार तथा यातायात |
| ९ | माननीय प्रेम बहादुर आले | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| १० | माननीय दिलेन्द्रप्रसाद बडू | मन्त्री | कानुन, न्याय तथा संसदीय मामिला |
| ११ | माननीय देवेन्द्र पौडेल | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| १२ | माननीय महिन्द्र राय यादव | मन्त्री | कृषि तथा पशुपन्छी विकास |
| १३ | माननीय उमा रेग्मी | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| १४ | माननीय शशी श्रेष्ठ | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| १५ | माननीय रामकुमारी झाक्री | मन्त्री | सहरी विकास |
| १६ | माननीय कृष्णकुमार श्रेष्ठ | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा |
| १७ | माननीय महेश्वरजंग गहतराज (अथक) | मन्त्री | युवा तथा खेलकुद |
| १८ | माननीय राजेन्द्र कुमार राई | मुख्यमन्त्री | प्रदेश नं.१ |
| १९ | माननीय लालबाबु राउत | मुख्यमन्त्री | मधेश प्रदेश |
| २० | माननीय राजेन्द्र प्रसाद पाण्डे | मुख्यमन्त्री | बागमती प्रदेश |
| २१ | माननीय कृष्णचन्द्र नेपाली पोखरेल | मुख्यमन्त्री | गण्डकी प्रदेश |
| २२ | माननीय कुल प्रसाद के.सी. | मुख्यमन्त्री | लुम्बिनी प्रदेश |
| २३ | माननीय जीवन बहादुर शाही | मुख्यमन्त्री | कर्णाली प्रदेश |
| २४ | माननीय उमेश श्रेष्ठ | राज्यमन्त्री | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

| क्र.सं. | नाम | पद | मन्त्रालय/निकाय |
|---|---|---|---|
| २५ | माननीय बोधमायाकुमारी यादव | राज्यमन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| २६ | माननीय डा. विश्वनाथ पौडेल | उपाध्यक्ष | राष्ट्रिय योजना आयोग |
| २७ | श्री शंकरदास बैरागी | मुख्य सचिव | नेपाल सरकार |
| २८ | माननीय डा. दिलबहादुर गुरुङ | सदस्य | राष्ट्रिय योजना आयोग |
| २९ | माननीय डा. राम कुमार फुयाल | सदस्य | राष्ट्रिय योजना आयोग |
| ३० | माननीय डा. उमा शंकर प्रसाद | सदस्य | राष्ट्रिय योजना आयोग |
| ३१ | माननीय प्रा.डा. सुरेन्द्र लाभ कर्ण | सदस्य | राष्ट्रिय योजना आयोग |
| ३२ | माननीय सलोनी प्रधान सिंह | सदस्य | राष्ट्रिय योजना आयोग |
| ३३ | माननीय पुष्परमण वाग्ले (पी.एच.डी.) | सदस्य | राष्ट्रिय योजना आयोग |
| ३४ | श्री केवल प्रसाद भण्डारी | सदस्य सचिव | राष्ट्रिय योजना आयोग |

**बिशेष आमन्त्रितः**

| क्र.सं. | नाम | पद | मन्त्रालय/निकाय |
|---|---|---|---|
| १ | माननीय टंकमणि शर्मा, दंगाल | महालेखा परीक्षक | महालेखा परीक्षकको कार्यालय |
| २ | माननीय खम्मबहादुर खाती | महान्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय |
| ३ | माननीय बालानन्द पौडेल | अध्यक्ष | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग |
| ४ | श्री जनार्दन नेपाल | सल्लाहकार | प्रधानमन्त्रीज्यूको प्रशासन सल्लाहकार |
| ५ | श्री प्रभु राम शर्मा | प्रधानसेनापति | नेपाली सेना मुख्यालय |
| ६ | श्री नवराज गेलाल | अध्यक्ष | जिल्ला समन्वय समिति महासंघ |
| ७ | डा. भरतराज गौतम | महासचिव | संघीय संसद सचिवालय |
| ८ | श्री महा प्रसाद अधिकारी | गभर्नर | नेपाल राष्ट्र बैंक |
| ९ | श्री सुशील भट्ट | प्रमुख कार्यकारी अधिकृत | लगानी बोर्डको कार्यालय |
| १० | श्री अशोक व्याँञ्जू | अध्यक्ष | नेपाल नगरपालिका संघ |

**उपस्थितिः**

| क्र.सं. | नाम | पद | मन्त्रालय/निकाय |
|---|---|---|---|
| १ | श्री तोयनारायण ज्ञवाली | सचिव | राष्ट्रपतिको कार्यालय |
| २ | श्री रामकृष्ण सुवेदी | सचिव | उपराष्ट्रपतिको कार्यालय |
| ३ | श्री सूर्यप्रसाद गौतम | सचिव | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ४ | श्री दिनेश भट्टराई | सचिव | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ५ | श्री धनराज ज्ञवाली | सचिव | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ६ | श्री मणिराम गेलाल | सचिव | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ७ | श्री खगेन्द्रप्रसाद नेपाल | सचिव | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ८ | श्री मधुकुमार मरासिनी | सचिव | अर्थ |
| ९ | श्री कृष्णहरि पुष्कर कर्ण | सचिव (राजस्व) | अर्थ |
| १० | श्री अर्जुनप्रसाद पोखरेल | सचिव (उद्योग) | उद्योग, वाणिज्य तथा आपूर्ति |
| ११ | श्री गणेश प्रसाद पाण्डेय | सचिव (वाणिज्य तथा आपूर्ति) | उद्योग, वाणिज्य तथा आपूर्ति |
| १२ | श्री देवेन्द्र कार्की | सचिव (उर्जा) | ऊर्जा, जलस्रोत तथा सिंचाई |
| १३ | श्री सागरकुमार राई | सचिव (सिचाई) | ऊर्जा, जलस्रोत तथा सिंचाई |
| १४ | श्री उदयराज सापकोटा | सचिव | कानुन, न्याय, तथा संसदीय मामिला |
| १५ | डा. गोविन्दप्रसाद शर्मा | सचिव (कृषि) | कृषि तथा पशुपन्छी विकास |
| १६ | श्री निरु दाहाल पाण्डे | सचिव (पशुपन्छी) | कृषि तथा पशुपन्छी विकास |
| १७ | श्री सुरेश आचार्य | सचिव | खानेपानी |
| १८ | श्री टेकनारायण पाण्डे | सचिव | गृह |
| १९ | श्री भरतराज पौड्याल | सचिव | परराष्ट्र |
| २० | श्री रामप्रसाद थपलिया | सचिव | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| २१ | श्री रविन्द्रनाथ श्रेष्ठ | सचिव | भौतिक पूर्वाधार तथा यातायात |
| २२ | श्री हरिप्रसाद मैनाली | सचिव | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| २३ | श्री दामोदर रेग्मी | सचिव | युवा तथा खेलकुद |
| २४ | श्री किरणराज शर्मा | सचिव | रक्षा |
| २५ | श्री प्रमिला देवी बज्राचार्य | सचिव (विज्ञान तथा प्रविधि) | शिक्षा, विज्ञान तथा प्रविधि |

| क्र.सं. | नाम | पद | मन्त्रालय/निकाय |
|---|---|---|---|
| २६ | श्री एकनारायण अर्याल | सचिव | श्रम, रोजगार तथा सामाजिक सुरक्षा |
| २७ | श्री महेश्वर न्यौपाने | सचिव | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| २८ | श्री सुरेश अधिकारी | सचिव | सङ्घीय मामिला तथा सामान्य प्रशासन |
| २९ | डा. बैकुण्ठ अर्याल | सचिव | सञ्चार तथा सूचना प्रविधि |
| ३० | डा. रमेश प्रसाद सिंह | सचिव | सहरी विकास |
| ३१ | डा. रोशन पोखरेल | सचिव (स्वास्थ्य) | स्वास्थ्य तथा जनसंख्या |
| ३२ | श्री गोकर्णमणि दुवाडी | सचिव | निर्वाचन आयोग |
| ३३ | श्री भरतमणि सुवेदी | सचिव | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग |
| ३४ | श्री लिलादेवी गड्तौला | सचिव | नेपाल कानून आयोग |
| ३५ | श्री दिनेशकुमार घिमिरे | सचिव | जल तथा उर्जा आयोग |
| ३६ | श्री सुमनराज अर्याल | महालेखा नियन्त्रक | महालेखा नियन्त्रक कार्यालय |
| ३७ | श्री मधुसुदन बुर्लाकोटी | सचिव | सार्वजनिक खरिद अनुगमन कार्यालय |
| ३८ | श्री सुशिल चन्द्र तिवारी | प्रमुख अधिकृत | राष्ट्रिय सतर्कता केन्द्र |
| ३९ | श्री रामुप्रसाद डोटेल | उप महालेखा परीक्षक | महालेखा परीक्षकको कार्यालय |
| ४० | डा. रामप्रसाद घिमिरे | प्रमुख सचिव | प्रदेश नं. १ |
| ४१ | श्री कृष्ण बहादुर राउत | प्रमुख सचिव | मधेश प्रदेश |
| ४२ | श्री मुकुन्द प्रसाद निरौला | प्रमुख सचिव | बागमती प्रदेश |
| ४३ | श्री रविलाल पन्थ | प्रमुख सचिव | गण्डकी प्रदेश |
| ४४ | श्री डिल्लीराम शर्मा | प्रमुख सचिव | लुम्बिनी प्रदेश |
| ४५ | श्री राज कुमार श्रेष्ठ | प्रमुख सचिव | कर्णाली प्रदेश |
| ४६ | श्री रामेश्वर दंगाल | प्रमुख सचिव | सुदूरपश्चिम प्रदेश |
| ४७ | श्री सुशील ढकाल | सहसचिव | राष्ट्रिय योजना आयोग |
| ४८ | श्री राजेन्द्र कुमार पौडेल | सहसचिव | राष्ट्रिय योजना आयोग |
| ४९ | श्री बिजु कुमार श्रेष्ठ | सहसचिव | राष्ट्रिय योजना आयोग |
| ५० | डा. किरण रुपाखेती | सहसचिव | राष्ट्रिय योजना आयोग |
| ५१ | श्री बैकुण्ठ निधि शर्मा | सहसचिव | राष्ट्रिय योजना आयोग |
| ५२ | श्री बासु देव शर्मा (पी.एच.डी.) | सहसचिव | राष्ट्रिय योजना आयोग |
| ५३ | श्री प्रकाश दाहाल | सहसचिव | राष्ट्रिय योजना आयोग |

| क्र.सं. | नाम | पद | मन्त्रालय/निकाय |
|---|---|---|---|
| ५४ | श्री नेबिनलाल श्रेष्ठ | महानिर्देशक | केन्द्रिय तथ्यांक विभाग |
| ५५ | श्री महादेव पन्थ | सहसचिव | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ५६ | श्री उत्तर कुमार खत्री | सहसचिव | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| ५७ | श्री गीता कुमारी होमेगाई | सहसचिव | लोक सेवा आयोग |
| ५८ | श्री रमाकान्त दुवाडी | सहसचिव | अख्तियार दुरुपयोग अनुसन्धान आयोग |
| ५९ | श्री ढुण्डीप्रसाद निरौला | सहसचिव | अर्थ मन्त्रालय |
| ६० | श्री जीवलाल भुसाल | सहसचिव | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ६१ | श्री मीना श्रेष्ठ | सहसचिव | खानेपानी मन्त्रालय |
| ६२ | डा. कृष्ण प्रसाद पौडेल | सहसचिव | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| ६३ | श्री भरत कुमार रेग्मी | सहसचिव | परराष्ट्र मन्त्रालय |
| ६४ | श्री गोपाल प्रसाद रिजाल | सहन्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय |
| ६५ | श्री इन्दीवर गुरुङ्ग | प्रा.म.से. | विकास नि. निर्देशनालय |
| ६६ | श्री वासुदेव धिमाल | प्रमुख सेनानी | रक्षा समन्वय कार्यालय, नेपाली सेना |
| ६७ | श्री मधु सुदन बस्नेत | सह सेनानी | नेपाली सेना |
| ६८ | श्री कृष्ण चन्द्र न्यौपाने | कार्यकारी महासचिव | जिल्ला समन्वय समिति महासंघ |
| ६९ | श्री राजेन्द्र प्रसाद प्याकुरेल | का. निर्देशक | गाउँपालिका राष्ट्रिय महासंघ |

**सन्दर्भ सामाग्रीः**

१. रा.वि.स.स.स. को ४९ औं बैठकको तयारीका लागि रा.वि.स.स.उप-समितिको बैठकमा भएको मन्त्रालयगत/निकायगत प्रस्तुतीकरण।

२. रा.वि.स.स.स. को ४९ औं बैठकमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यूबाट भएको प्रस्तुतीकरण।

३. राष्ट्रिय अनुगमन तथा मूल्यांङ्कन दिग्दर्शन, २०७५ ।